# बेलकोटगढी नगरपालिकाको खानीजन्य पदार्थको उत्खनन् अनुमति तथा बिक्री वितरण सम्बन्धी कार्यविधी, २०७६

स्वीकृत मिति २०७६।०५।१३

प्रस्तावना:

नेपालको संविधानको अनुसूची-८ मा वर्गिकरण गरिएको क्र.सं. १ देखि २२ सम्मको क्षेत्राधिकारहरुबाट प्राकृतिक स्रोत माथिको अधिकार स्थानीय तहलाई प्राप्त भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को स्थानीय कर, सेवा शुल्क तथा दस्तुर शीर्षकको शीर्षक नं.(६) मा ढुङ्गा, गिट्टी , बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतीक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन, उपदफा (२) (छ) को स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन शीर्षकको शीर्षक नं.(४) मा सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन, उपदफा (२) (प) को जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण शीर्षक नं.(७) मा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको उत्खनन् सर्वेक्षण, तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनमा दिएको अधिकारलाई कार्यान्वयन गर्न यो कार्यविधी जारी गरिएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भ ः** क) यस कार्यविधीको नाम बेलकोटगढी नगरपालिकाको खानीजन्य पदार्थको उत्खनन् अनुमति तथा बिक्री वितरण सम्बन्धी कार्यविधि २०७६ रहने छ ।

(ख) यो कार्यविधी नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

२ परिभाषा  यस कार्यविधीमा

क) "नगरपालिका" भन्नाले बेलकोगढी नगरपालिका सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले खानी तथा खनिज पदार्थ ऐन २०४२ सम्झनुपर्दछ ।

ग) "नियमावली" भन्नाले खानी तथा खनिज पदार्थ नियमावली २०५६ सम्झनुपर्दछ ।

घ) "राजश्व परामर्श समिति" भन्नाले नगरपालिकाको राजश्व परामर्श समिति सम्झनुपर्दछ ।

ङ) "विपद व्यवस्थापन समिति" भन्नाले नगरपालिकाको विपद व्यवस्थापन समिति सम्झनुपर्दछ ।

३. **दर्ता, नवीकरण, नामसारी, उत्खनन्  तथा निकासी सम्बन्धी व्यवस्था :**

क) नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेका ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको उत्खनन् सर्वेक्षण, तथा उपयोगको लागि खानीजन्य उद्योगहरुको  संचालन अनुमति, दर्ता, नवीकरण, खारेजी र व्यवस्थापन गर्न सकिने छ ।

ख) साविकमा सम्बन्धित निकायवाट अद्यावधिक भई सञ्चालनमा रहेका उद्योगहरुको हकमासो को अभिलेख  एवम् अद्यावधिक गर्ने  कार्य  नगरपालिकाबाट गरिने छ ।

ग) साधारण निर्माणमुखी खानीजन्य उद्योग संचालनको अनुमति दिने सम्बन्धमा सिफारिश गर्न नगरपालिकामा एक प्राविधिक समिति रहने छ । नगरको प्राविधिक

समितिले खानीजन्य पदार्थको प्रकृति, किसिम, परिमाण, स्थान र निश्चित चौहद्धि एकिन गरी सिफारिस गर्नेछ ।

बेलकोटगढी नगरपालिकाको प्राविधिक समिति देहाय बमोजिम हुनेछ :

(१) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख (प्राविधिक) संयोजक

(२) राजस्व उप-शाखाको अधिकृत वा प्रतिनिधि सदस्य

(३) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि १ जना सदस्य

(४) सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य सदस्य

(५) नगरपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख वा उक्त शाखाको विषयगत अधिकृत सदस्य-सचिव

(घ) खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन, बिक्रीका लागि प्रस्तावित उद्योगले सम्वर्नधित वडा कार्यालयको सिफारिश सहित बेलकोटगढी नगरपालिकमा अनुसुची १ को फारम भरी निवेदन दिनुपर्नेछ ।

(ङ) प्राप्त निवेदनको आधारमा प्रारम्भिक अध्ययन तथा स्थलगत निरीक्षण गर्ने जिम्मेवारी प्राविधिक समितिको हुनेछ ।

च) प्राविधिक समितीले स्थलगत निरीक्षण गरी अनुसुची २ बमोजिमको विवरण भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

छ) प्राविधिक समितीले पेशगरेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले नगरकार्यपालिकाको वैठकमा प्रस्ताव स्वरुप पेश गर्नुपर्नेछ ।

ज) दफा ३ को खण्ड छ बमोजिमको प्रस्ताव उपर छलफल गरी बेलकोटगढी नगरपालिका नगरकार्यपालिकाको बैठकले खानी तथा भूगर्भ विभागमा उद्योग संचालनको सहमतिको लागि सिफारिश दिन सक्नेछ ।

झ) नगरकार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिमको सिफारिश पठाउँदा गिट्टी, ढुङ्गा, बालुवा लगायत साधारण निर्माणमुखी खानीजन्य उद्योग संचालनको लागि नगरपालिकामा प्राप्त भएको सक्कल फाइल खानी तथा भुगर्भ विभागमा पठाउनुपर्नेछ ।

ञ) खानी तथा भूगर्भ विभागबाट आवश्यक प्रक्रिया पूरा गरी अनुमति प्रदान गर्न यस नगरपालिकामा लेखी आएको सक्कल फाइल नगरपालिकाको अनुमतिको लागि सिफारिश समितिमा पेश गरिनेछ ।

अनुमतिको लागि सिफारिश समिति देहायबमोजिको हुनेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(२) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको प्रमुख (प्राविधिक) सदस्य

(३) राजस्व उप शाखा प्रमुख सदस्य

(४) प्रशासन, योजना तथा अनुगमन शाखाको प्रमुख

वा उक्त शाखाको विषयगत अधिकृत सदस्य-सचिव

ट) खानी विभाग बाट IEE/EIA स्वीकृत भई आएका उद्योगहरुलाई नगरपालिकाको अनुमतिको लागि सिफारिश समितिको सिफारिशमा नगरकार्यपालिकाबाट निर्णय गराई अनुसूची ३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले संचालन अनुमतिपत्र दिनेछ ।

ठ) संचालन अनुमतिपत्र प्राप्त उद्योगले IEE/EIA गरिएका क्षेत्रभित्र मात्र सीमित रही उत्खनन्,सङ्कलन, निकासी तथा बिक्री गर्नुपर्नेछ । नगरपालिकाले तत्क्षेत्रमा IEE/EIA सम्पन्न गराएको अवस्थामा सो समेतलाई नगर कार्यपालिकाको निर्णय र आदेशानुसार कार्यान्वयन गर्नु पर्नेछ ।

ड) IEE वा EIA गरेको क्षेत्र बाहेक अन्य स्थानमा उत्खनन् गर्न तथा यन्त्र उपकरणको प्रयोग गर्न पाइनेछैन । तर नगरपालिकाको विपद् व्यवस्थापन समितिको निर्णय र आदेश बमोजिम जोखिमयुक्त स्थानको व्यवस्थापन गर्न सो कुराले बाधा पुऱ्याएको मानिने छैन ।

ढ) राजश्व र धरौटी सम्बन्धी व्यवस्था अनुसूची ४ बमोजिम हुनेछ ।

ण) **अनुगमन सम्बन्धी व्यवस्था** : यस कार्यविधी बमोजिम र्दता भएका उद्योगबाट उत्खनन् कार्य र्गदा यस कार्यविधी तथा प्रचलित कानुनको पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्न नगरपालिकामा एक अनुगमन समिती रहनेछ ।

अनुगमन समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| (१) नगर प्रमुख | संयोजक |
| (२) नगर उपप्रमुख | सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (४) सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| (५) राजस्व उप शाखा प्रमुख | सदस्य |
| (६) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| (७) प्रशासन, योजना तथा अनुगमन शाखाको प्रमुख वा सम्बन्धीत अधिकृत | सदस्य-सचिव |

त) **अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः**

१) अनुमतिपत्र प्राप्त उद्योगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितीले तीन महिना भित्र आफुले प्राप्त गरेको अनुमतिपत्र नविकरण गराउनु पर्नेछ ।

२) दफा (३) को खण्ड (त) को उपखण्ड (१) बमोजिम नवीकरणको लागि आवश्यक पुरक कागजात सहित निवेदन प्राप्त भएपछि नगरपालिकाको अनुमति सिफारिश समितिले आवश्यक जाँचबुझ गरी सिफारिस गरेका आधारमा नगरकार्यपालिकाबाट निर्णय गराई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ४ बमोजिमको नवीकरण दस्तुर लिई निवेदकको माग बमोजिम अनुमतिपत्र नवीकरण प्रदान गर्नेछ ।

४) यस कार्यविधीमा उल्लेख नभएका व्यवस्थाहरु खानी तथा खनिज पदार्थ ऐन २०४२ र खानी तथा खनिज पदार्थ नियमावली २०५६ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

५) **व्याख्या गर्ने अधिकार** : यस कार्यविधीको व्याख्या गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ । कार्यविधीमा समावेश नभएका अन्य कुराहरु नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची - १
(बुँदा ३ को खण्ड (घ) सँग सम्बन्धित)
बेलकोटगढी नगरपालिका,
नुवाकोट जिल्ला

साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्रको निवेदन

मिति :

महोदय,

मैले/हामीले खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न बमोजिमको क्षेत्रमा साधारण निर्माणमुखि खनिज पदार्थ ............................ को खनिज कार्यको अनुमतिको लागि देहाय बमोजिमको विवरण खोली निवेदन गरेको छु/छौं ।

१. व्यक्तिको,

नाम :- | फ्याक्स नं. :-
पेशा :- | टेलिफोन :-
हुलाक ठेगाना :- | टेलेक्स :-

२. सँगठित संस्था/फर्म/कम्पनीको,

नाम :- | टेलिफोन नम्बर :-
पेशा : | दर्ता मिति र नं.:-
हुलाक :- | दर्ता भएको निकाय :-
फ्याक्स नं. :- | मुख्य संचालक :-

३. खनिज कार्य गर्न चाहेको खनिज पदार्थ :

४. खनिज कार्य गर्न चाहेको अवधि :

५. प्राविधिकको व्यवस्था :

(१) आफै भए,
(क) व्यवसायिक योग्यता र तालिम
(ख) अनुभव

(२) अन्य भए
(क) नाम र ठेगाना
(ख) व्यवसायिक योग यता र तालिम
(ग) अनुभव

६. <u>साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न माग गरेको क्षेत्रको चौहद्धि विवरण :</u>

बेलकोटगढी नगरपालिका वडा नं.......... स्थान .................... को ................................ लाई मूल चिन्ह मानी सोबाट पूर्व ............ मिटर पश्चिम ............... मिटर उत्तर ................मिटर र दक्षिण ......... मिटर जम्मा.................. वर्ग कि.मि ।

संलग्न कागजातहरु
१.
२.
३.

निवेदकको,-
दस्तखत :
नाम :
मिति :

अनुसूची २
(बुँदा ३ को खण्ड (च) सँग सम्बन्धित)
स्थलगत निरीक्षण प्रतिवेदन

यस नगरपालिकाको **“बेलकोटगढी नगरपालिकाको खानीजन्य पदार्थको उत्खनन् अनुमति तथा बिक्री वितरण सम्बन्धी कार्यविधी, २०७६”** अनुसार गठित प्राविधिक समितिले प्रस्तावित श्री...................................... उद्योग प्रा.लि. को माईनिङ स्किमको मिति ............................. मा स्थलगत निरिक्षण गर्दा देखिएको अवस्था निम्नानुसार रहेकोले सोही अनुसारको प्रतिवेदन पेश गरेका छौं ।

क) निरीक्षण गरिएको प्रस्तावित उद्योगको नाम :
ख) प्रस्तावित उधोग रहने ठेगाना :
ग) निरिक्षणको उद्देश्य :
सुझावहरु :
१)
२)
३)
४)
तपसिलमा उल्लेखित वमोजिमका शर्तहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने गरी अनुमति दिनका लागि सिफारिस गरिन्छ ।

१)
२)
३)
४)

माईनिङ स्किम क्षेत्रको तस्विरहरु :

.....................
प्रतिवेदकहरु

अनुसूची - ३

(बुँदा ३ को खण्ड (ट) सँग सम्बन्धित)

बेलकोटगढी नगरपालिका

नुवाकोट जिल्ला

साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्र

मिति :

अञ्चल ................ जिल्ला .................. न.पा./गा.वि.स. वडा नं....... बस्ने श्री .................................. लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न लिखित क्षेत्र भित्र मिति ............ देखि मिति .............. सम्म साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न यस नगरपालिकाको मिति ............................ को निर्णयानुसार यो खानी उत्खनन अनुमति पत्र प्रदान गरिएको छ।

**साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्ने क्षेत्रको विवरण**

बेलकोटगढी नगरपालिका वडा नं. ......... स्थान ...................को ................................ लाई मूल चिन्ह मानी सोबाट पूर्व ............... मिटर, पश्चिम .................. मिटर उत्तर ................. मिटर, दक्षिण......... मिटरको जम्मा ......... वर्ग कि.मि.

अनुमतिपत्र प्रदान गर्ने
अधिकारीको,

दस्तखतः

नामः

पदः

नवीकरण

| . क्र.सं | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएका | | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-४

(बुँदा ३ को खण्ड (ढ) सँग सम्बन्धित)

दस्तुर र धरौटी

(क) खोजतलास कार्यको लागि

| विवरण | अति महत्वपूर्ण खनिज | महत्वपूर्ण तथा बहु मूल्य खनिज | सामान्य खनिज |
|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | रु. ७५,०००।- | रु. ५०,०००।- | रु. २५,०००।- |
| (२) नवीकरण दस्तुर | रु. ३७,५००।- | रु. २५,०००।- | रु. १२,५००।- |
| (३) अवधि थप दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (४) नामसारी दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (५) धरौटी | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (६) प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- |

(ख) उत्खनन्कार्यको लागि :

| विवरण | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूला स्तर |
|---|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | रु. ५०,०००।- | रु. १,००,०००।- | रु. १,५०,०००।- | रु. २,००,०००।- |
| (२) नवीकरण दस्तुर | रु. २५,०००।- | रु. ५०,०००।- | रु. ७५,०००।- | रु. १,००,०००।- |
| (३) अवधि थप दस्तुर | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (४) नामसारी दस्तुर | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (५) धरौटी | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (६) प्रमाण पत्र प्रतिलिपि | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- |